apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: २६० ● पृष्ठ: ४ ● १९ असोज २०८३ सोमबार (05 October 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/



प्रधानमन्त्री बालेनले भने- धन्न खुलामञ्च राम्रो बनाइएछ, नयाँ पार्टीले गाली गर्न पाए

समाचार ४ पृष्ठ

# सिरहामा १२ किलो गाँजासहित युवक पक्राउ, ७ लाख ५९ हजारका अवैध सामान बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १८ गते**

सिरहामा सशस्त्र प्रहरीले १२ किलो प्रतिबन्धित लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गर्नुका साथै विभिन्न सीमावर्ती क्षेत्रबाट ७ लाख ५९ हजार रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका अनुसार शनिबार साँझ लहान नगरपालिका-३ स्थित बलान खोला क्षेत्रमा सार्वजनिक सवारीसाधन जाँच गर्ने क्रममा १२ किलो गाँजासहित एक युवक पक्राउ परेका हुन्।



सुरक्षा बेस लहानबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा खटिएको मोबाइल गस्ती टोलीले पूर्व-पश्चिम राजमार्गमा चेकपोइन्ट राखेर सार्वजनिक सवारीसाधन जाँच गर्ने क्रममा लहान नगरपालिका-११, पडहरियाका २४ वर्षीय अजय सदायले बोकेको झोलाबाट गाँजा बरामद गरेको सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

गाँजासहित पक्राउ परेका सदायलाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

यसैबीच, सशस्त्र प्रहरीले जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रबाट मोटरसाइकल, तरकारी, मोबाइल पार्ट्स, रङ, मोबाइल चार्जर, मदिरा तथा किराना सामग्रीलगायत ७ लाख ५९ हजार ४६० रुपैयाँ बराबरका अवैध सामानसमेत बरामद गरेको छ।

सशस्त्र प्रहरीका अनुसार भारतबाट अवैध रूपमा नेपाल भित्र्याइएका तथा नेपालबाट भारततर्फ चोरी-निकासी गर्न लागिएका सामान विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको हो।

बरामद सामान आवश्यक कानुनी कारबाहीका लागि सिरहा भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाले जनाएको छ।

# भन्सारका नाममा जनताको सम्पत्ति लुट्न बन्द गर : प्रभु साह

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १८ गते**

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले भन्सारका नाममा सीमानाकामा सर्वसाधारणको निजी सम्पत्ति खोस्ने र दुःख दिने काम भइरहेको बताएका छन्।



पार्टीको आइतवारदेखि शुरु भएको केन्द्रीय समितिको पूर्ण बैठकलाई सम्बोधन गर्दै उनले भन्सारको नाममा जनतालाई सरकारले दुःख दिने गरेको बताएका हुन्। भारतबाट स्थलमार्ग हुँदै घरायसी प्रयोजनका लागि ल्याइने सामान्य सामग्रीमा पनि सरकारले भन्सार कर लगाउने गरेको आरोप लगाए तर हवाईमार्गबाट आउने व्यक्तिले महँगा सामान ल्याउँदा भन्सार नलिने गरिएको उनको भनाइ छ।

उनले भन्सार नियन्त्रणका नाममा सर्वसाधारणको निजी सम्पत्ति खोस्न रोक्नुपर्ने बताए। सीमा सुरक्षा गर्न सुरक्षाकर्मी राखेको भए सुस्तामा किन नराखेको ? कालापानीमा किन नपठाएको ? उनले प्रश्न गरे। सीमा सुरक्षाभन्दा सर्वसाधारणलाई दुःख दिने उद्देश्यले मात्र सुरक्षाकर्मीको संख्या बढाइएको उनको आरोप छ।

उनले भने, 'यो सरकार बनेपछि घरायसी उपभोगका लागि ल्याउने ५ हजार, १० हजारका सामान खोस्न थालेको छ। दिल्लीबाट प्लेन चढेर आउनेले लाखौँको सामान ल्याउँदा त्यहाँ भन्सार लाग्दैन। तर त्यही रक्सौल जान्छ, गरिब मान्छे १० हजार सामान ल्याउँछ भने खोसिन्छ । भन्सार नियन्त्रणको नाउँमा निजी सम्पत्ति लुट्ने काम बन्द होस्।'

अध्यक्ष साहले किसानलाई सरकारले मलखाद, बजार र उत्पादनको उचित मूल्य सुनिश्चित गर्न नसकेको आरोप लगाए।

# जनमतको अध्यक्षमा डा. सीके राउतको निरन्तरता, महासचिवमा सञ्जय यादव

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १८ गते**

जनमत पार्टीको दोस्रो महाधिवेशनमा डा. चन्द्रकान्त (सीके) राउत पुनः अध्यक्षमा निर्वाचित भएका छन्। अध्यक्ष पदमा राउतको एक्कलो उम्मेदवारी परे पनि विधानमा रहेको २० प्रतिशत मतको थ्रेसहोल्ड पूरा गर्नुपर्ने व्यवस्थाका कारण मतदान भएको थियो।

वीरगञ्जमा सम्पन्न महाधिवेशन अन्तर्गत भएको निर्वाचनमा राउतले ९ सय ५८ मत प्राप्त गर्दै अध्यक्षमा पुनः निर्वाचित भएका हुन्।

एकल उम्मेदवार रहेका उनले आवश्यक मतसीमा पार गरेपछि पार्टीको नेतृत्वमा निरन्तरता पाएका हुन्।

तर, अध्यक्षबाहेकका पदमा भने महाधिवेशनमा प्रतिस्पर्धात्मक निर्वाचन भएको छ। २६ पदाधिकारीसहित ९९ पदका लागि भएको निर्वाचनले अध्यक्षबाहेक पार्टीको कार्यकारिणी संरचनामा नयाँ अनुहारलाई समेत स्थान दिएको छ।

महासचिव पदमा सिरहाका सञ्जयकुमार यादव निर्वाचित भएका छन्। यादवले ६१८ मत प्राप्त गर्दै निवर्तमान महासचिव चन्दनकुमार



सिंह र ममता झालाई पछि पारे। झाले २२० तथा सिंहले १६५ मत प्राप्त गरे। दुवैले पार्टी विधानअनुसार आवश्यक २० प्रतिशत मत प्राप्त गर्न नसकेको जनमत पार्टीले जनाएको छ।

उपमहासचिवमा सिरहाका निर्मलकुमार मण्डल निर्वाचित भएका छन्। उनले ५०१ मत प्राप्त गर्दा प्रतिस्पर्धी ललितचन्द्र मल्लिकले ४१४ मत पाए।

महाधिवेशनबाट सात जना उपाध्यक्ष निर्वाचित भएका छन्। अनिताकुमारी मण्डल, अनितादेवी साह, नरेन्द्रप्रसाद चौधरी, वसन्तकुमार कुशवाहा, डा. जयकान्त राउत, राजकुमार यादव र माधवप्रसाद सिंह उपाध्यक्ष बनेका छन्।

उपाध्यक्षका लागि ११ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको

बाँकी पृष्ठ ३

**कांग्रेसको १५औं महाधिवेशन**

# एमाले-नेकपाले खोजे कांग्रेसको साथ, रवि-गगनबीचको 'ठट्टा'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज १८ गते**

नेपाली कांग्रेसको १५ औं महाधिवेशनको उद्घाटन समारोहमा नेताहरुले एकअर्काको साथ खोज्नदेखि सवाल-जवाफसम्म गर्न भ्याए। काठमाडौंको खुल्ला मञ्चमा आइतबार भएको उद्घाटन समारोहमा नेकपा (एमाले) र नेपाली कम्युनीस्ट पार्टी (नेकपा)ले कांग्रेसको साथ खोजे। कांग्रेसका सभापति गगन थापाले गर्नुपर्ने काम सम्झाए।

एमालेका महासचिव शंकर पोखरेलले लोकतन्त्रको रक्षाका लागि सहकार्यको आवश्यकता औंल्याए। पोखरेलले वालेन्द्र शाह नेतृत्वको सरकार संसद्प्रति उत्तरदायी नभएको, नागरिकप्रति जबाफदेही नभएको आरोप लगाए।

उनले लोकतन्त्रको रक्षाका निम्ति कांग्रेस अब कसरी अघि बढ्छ भन्ने हेर्न बाँकी रहेको बताए।

"लोकतन्त्रका भविष्यतर्फ हिँडैछौं कि अधिनायकवादतर्फ हिँड्दैछौं, अधिनायकतर्फ हिँड्दैछौं कि भन्ने प्रश्न उपस्थित भइरहेका बेलामा





लोकतन्त्रका लागि लडेको कांग्रेस लोकतन्त्र रक्षाका लागि अब कसरी अघि बढ्छ भन्ने प्रश्न महत्वपूर्ण छ," उनले भने।

विगतमा निरंकुशताको अन्त्यका लागि वामपन्थी दल र कांग्रेसबीच सहकार्य भएको स्मरण गर्दै फेरि सामूहिक रुपमा उठ्नुपर्ने बेला आएको बताए। उनले कांग्रेसको साथ खोजे।

"जसरी हिजो हामी नेपालका वामपन्थी र लोकतन्त्रवादी शक्तिहरू मिलेर राणाशाहीलाई परास्त गरेका छौं, पञ्चायतलाई परास्त गरेका छौं, राजा ज्ञानेन्द्रको तानाशाहीलाई परास्त गरेका छौं, त्यसैगरी हामीले लोकतन्त्रको रक्षाका लागि फेरि एक पटक सामूहिक रूपमा उठ्नुपर्ने अवस्था आएको छ," पोखरेलले भने।

बाँकी पृष्ठ ४

# हराउँदै मिथिलाका लोकनाच



समाचार २ पृष्ठ

# कोशी-मधेश प्रदेशबीच आर्थिक सहकार्य बढाउन निजी क्षेत्रको जोड

**अपन दैनिक संवाददाता**
**विराटनगर, असोज १८ गते**

कोशी र मधेश प्रदेशबीच आर्थिक, औद्योगिक, पूर्वाधार तथा पर्यटन क्षेत्रमा सहकार्य बढाउन निजी क्षेत्रले जोड दिएको छ।

मोरङ उद्योग व्यापार संघले मधेश प्रदेशका प्रदेश प्रमुख तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य एवं अर्थशास्त्री प्रा. डा. सुरेन्द्र लाभसँगको अन्तरप्रदेशीय संवादमा दुई प्रदेशबीच लगानी, व्यापार, पूर्वाधार र पर्यटन प्रवर्द्धनका लागि संस्थागत सहकार्य आवश्यक रहेको व्यवसायीले बताएका हुन्।

संघका अध्यक्ष अनिलकुमार साहले बैंकको ब्याजदर घटे पनि लगानीको वातावरण अनुकूल बन्न नसक्दा निजी क्षेत्र संकुचित हुँदै गएको बताए। दुई प्रदेशमा





उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, लगानी आकर्षण र व्यापार विस्तारका लागि सरकार तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

साहले संघले स्थापनाकालदेखि आर्थिक तथा औद्योगिक क्षेत्रसँगै सामाजिक र स्थानीय पूर्वाधार निर्माणमा पुऱ्याउँदै आएको योगदानबारे प्रदेश प्रमुख लाभलाई जानकारी गराए। विराटनगर-घिनाघाट सडक, कोशी अस्पतालको प्रसूति गृह, क्याम्पस

बाँकी पृष्ठ ३



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## सम्बन्ध विच्छेद र समझदारी

सिरहा जिल्ला अदालतमा सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुने क्रम बढ्दै गएको छ। यो सामान्य कानुनी तथ्यांक मात्र होइन। बदलिँदो पारिवारिक तथा सामाजिक अवस्थाको गम्भीर संकेत पनि हो। चालु आर्थिक वर्ष २०८३/०८४ को साउन र भदौ महिनामा ४४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको छ। अघिल्लो आर्थिक वर्षमा २५४ वटा मुद्दा दर्ता हुनुबाट वैवाहिक सम्बन्धमा देखिएको समस्या गहिरिँदै गएको अनुमान गर्न सकिन्छ। यस्ता घटनाको कारण प्रत्येक परिवारमा फरक भएपनि यसको बढ्दो प्रवृत्तिले समाजलाई गम्भीर ढंगले सोच्न बाध्य बनाएको छ। सम्बन्ध विच्छेद आफैँमा गलत वा असामान्य निर्णय होइन। घरेलु हिंसा, निरन्तर मानसिक यातना, विश्वासघात वा असह्य परिस्थितिमा वैधानिक रूपमा अलग हुनु व्यक्तिको अधिकार र सुरक्षासँग सम्बन्धित विषय हो। तर सानो असमझदारी, संवादको अभाव, आर्थिक विवाद वा क्षणिक आवेगका कारण वैवाहिक सम्बन्ध टुट्ने अवस्था बढ्दै गएको हो भने त्यो चिन्ताको विषय हो। त्यसैले सम्बन्ध विच्छेदको संख्या बढेको देखेर दोषी खोज्नेभन्दा यसको सामाजिक कारण पहिचान गर्नु आवश्यक छ।

पछिल्लो समय सामाजिक सञ्जाल र मोबाइलको अत्यधिक प्रयोग, पति-पत्नीबीच पर्याप्त समयको अभाव, आर्थिक असमझदारी, वैदेशिक रोजगारीका कारण लामो समयसम्म अलग बस्नुपर्ने अवस्था, पारिवारिक हस्तक्षेप, अन्तरजातीय विवाहपछि उत्पन्न हुने सामाजिक चुनौती तथा बदलिँदो सामाजिक मूल्य-मान्यताले वैवाहिक सम्बन्धमा तनाव थपिरहेका छन्। त्यसैगरी महिला तथा पुरुष दुवैमा आफ्नो अधिकार र व्यक्तिगत स्वतन्त्रताप्रतिको चेतना बढ्नु पनि सम्बन्ध विच्छेदका घटना कानुनी रूपमा बाहिर आउनुको एउटा कारण हुन सक्छ। यसलाई महिलाको स्वतन्त्रता वा पुरुषको कमजोरीका रूपमा व्याख्या गर्नु गलत हुनेछ। सम्बन्ध विच्छेदको सबैभन्दा ठूलो असर पति-पत्नीमा मात्र सीमित हुँदैन्। यसको प्रत्यक्ष प्रभाव बालबालिकामा पर्न सक्छ। अभिभावकबीचको विवाद र पारिवारिक वातावरणमा आउने परिवर्तनले बालबालिकाको मानसिक अवस्था, अध्ययन, सामाजिक व्यवहार तथा भविष्यप्रतिको दृष्टिकोणमा असर पार्न सक्छ। कतिपय अवस्थामा बालबालिका अभिभावकको विवादको बीचमा पर्ने, आर्थिक तथा भावनात्मक अभाव झेल्ने र सामाजिक दबाबको सामना गर्नुपर्ने अवस्था आउन सक्छ। यसले दीर्घकालीन रूपमा पारिवारिक र सामाजिक सम्बन्धमा समेत असर पुऱ्याउन सक्छ। तर सम्बन्ध विच्छेद बढ्दै जानुको अर्थ समाज पूर्ण रूपमा विघटनतर्फ गइरहेको छ भन्ने निष्कर्ष निकाल्नु पनि उचित हुँदैन्। पहिले घरेलु हिंसा, मानसिक यातना वा अस्वस्थ वैवाहिक सम्बन्धलाई सामाजिक दबाबका कारण सहेर बस्ने प्रवृत्ति थियो। अहिले कानुनी अधिकार र व्यक्तिगत स्वतन्त्रताप्रतिको चेतना बढेकाले त्यस्ता समस्या अदालतसम्म पुग्न थालेका हुन सक्छन्। त्यसैले यस्तो तथ्यांकलाई संवेदनशील र सन्तुलित ढंगले विश्लेषण गर्नुपर्छ।

यो समस्या समाधानका लागि पहिलो आवश्यकता विवाहपूर्व परामर्श हो। विवाहलाई सामाजिक संस्कारका रूपमा होइन, जिम्मेवारी, अधिकार, आर्थिक व्यवस्थापन, आपसी सम्मान र संवादमा आधारित साझेदारीका रूपमा बुझाउने कार्यक्रम आवश्यक छ। स्थानीय तह, विद्यालय, समुदाय तथा सामाजिक संस्थाले विवाहपूर्व सचेतना र परामर्शका कार्यक्रम सञ्चालन गर्न सक्छन्। त्यस्तै, वैवाहिक जीवनमा समस्या देखिएपछि सम्बन्ध पूर्ण रूपमा टुट्नुअघि परिवार परामर्श तथा मध्यस्थता सेवा प्रभावकारी बनाउनुपर्छ। स्थानीय तह र अदालतको समन्वयमा दक्ष मनोपरामर्शदाता तथा पारिवारिक परामर्शदाता परिचालन गर्न सकिए धेरै विवादलाई संवाद र समझदारीमार्फत समाधान गर्ने अवसर सिर्जना हुन सक्छ। तर हिंसा वा गम्भीर जोखिम भएका अवस्थामा मेलमिलापका नाममा पीडितलाई जबर्जस्ती सम्बन्धमा फर्काउने प्रयास भने गर्नु हुँदैन्। वैदेशिक रोजगारीमा रहेका पति-पत्नीका लागि पनि सम्बन्ध कायम राख्ने विशेष परामर्श र पारिवारिक सहयोग आवश्यक छ। लामो दूरीको सम्बन्धमा नियमित संवाद, आर्थिक पारदर्शिता र पारिवारिक विश्वास कायम गर्न सक्ने वातावरण बनाउनुपर्छ। त्यस्तै, सामाजिक सञ्जालको प्रयोगमा संयमता, पारिवारिक समयको व्यवस्थापन र एकअर्काको व्यक्तिगत अधिकारको सम्मानबारे पनि जनचेतना आवश्यक छ।

महिला आर्थिक रूपमा आत्मनिर्भर बन्दै जानुलाई सम्बन्ध विच्छेदको कारणका रूपमा मात्र हेर्नु हुँदैन्। आर्थिक आत्मनिर्भरता वास्तवमा महिलाको अधिकार र सम्मानसँग जोडिएको सकारात्मक परिवर्तन हो। आर्थिक रूपमा सक्षम दम्पतीले समेत परिवारभित्र समान जिम्मेवारी, पारदर्शिता र सम्मानको संस्कृति विकास गर्न आवश्यक छ। पुरुष र महिला दुवैले सम्बन्धलाई टिकाउने जिम्मेवारी समान रूपमा वहन गर्नुपर्छ। सिरहामा बढ्दो सम्बन्ध विच्छेदको तथ्यांकले एउटा महत्वपूर्ण सन्देश दिएको छ। परिवारभित्रको समस्या अदालतसम्म पुग्नुअघि नै त्यसको पहिचान र समाधान गर्ने सामाजिक संयन्त्र बलियो बनाउन आवश्यक छ। विद्यालयस्तरदेखि नै सम्बन्ध, जिम्मेवारी, लैङ्गिक समानता, संवाद र भावनात्मक व्यवस्थापनसम्बन्धी शिक्षा दिन सकिए भावी पुस्तालाई स्वस्थ सम्बन्ध निर्माण गर्न सहयोग पुग्नेछ। सम्बन्ध विच्छेदको संख्या घटाउनु मात्र समाधान होइन। हिंसामुक्त, सम्मानजनक, समानतामा आधारित र स्वस्थ वैवाहिक सम्बन्ध निर्माण गर्नु नै वास्तविक लक्ष्य हुनुपर्छ। जहाँ सम्बन्ध जोगाउन सकिन्छ, त्यहाँ संवाद र परामर्शको वातावरण बनाइनुपर्छ। जहाँ सम्बन्ध जोगाउनु पीडितका लागि हानिकारक हुन्छ, त्यहाँ कानुनी अधिकार र सुरक्षाको सुनिश्चितता गरिनुपर्छ। सिरहाको समाजले अहिले आवश्यक ठानेको कुरा दोषारोपण होइन, परिवारलाई बलियो बनाउने सामाजिक अभियान हो। परिवार बलियो भए सामाजिक सद्भाव बलियो हुन्छ र सामाजिक सद्भाव बलियो भए मात्र समृद्ध र सभ्य समाज निर्माणको आधार तयार हुन्छ।

# हराउँदै मिथिलाका लोकनाच

**कुनै समय गाउँ-गाउँका मेला, पर्व र उत्सवको मुख्य आकर्षण रहेको मिथिलाको लोकनाच ओझेलमा पर्दै गएको छ ।**




**वीरेन्द्र रमण**

हरेक वर्ष मिथिलाञ्चलका गाउँघरमा आयोजना हुने मेला र उत्सवमा कुनै समय लोकनाच प्रमुख आकर्षणका रूपमा प्रस्तुत हुन्थ्यो । मिथिलामा आयोजना हुने इन्द्र पूजा होस् वा महावीर झण्डा, हरेक मेला-उत्सवमा मनोरञ्जनको साधनका रूपमा लोकनाच प्रस्तुत गरिन्थ्यो ।

ग्रामीणदेखि सहरी क्षेत्रका नागरिकका लागि समेत लोकनाच मेलामा मनोरञ्जनको प्रमुख माध्यम थियो । लोकनाच आयोजना हुने स्थानमा राति र दिउँसो दर्शकको ठूलो भीड लाग्ने भएकाले यसले ग्रामीण अर्थतन्त्रलाई समेत टेवा पुऱ्याउने गरेको थियो ।

लोकनाच कलाकारका लागि जीविकोपार्जनको माध्यम थियो भने स्थानीयवासीका लागि आफ्नो गौरवशाली गाथा, लोकविश्वास र सांस्कृतिक परम्परासँग जोडिएको उत्सव । लोकनाचमा प्रस्तुत गरिने विषयवस्तु विगतमा मिथिलाका गाथा र परम्परासँग जोडिएका हुन्थे । वीर रसदेखि हास्य र मनोरञ्जनका विषयसमेत त्यसमा मिसाइन्थे । यसले मनोरञ्जनसँगै प्राचीनकालदेखि चल्दै आएका मिथिलाका गौरवगाथा स्मरण गर्ने माध्यमको काम गर्थ्यो ।

यस्ता कथा, गीत र प्रस्तुतीकरण एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका थिए । कुनै समय मिथिलाका गाउँ-गाउँमा चाडपर्व, विवाह, धार्मिक अनुष्ठान र सामाजिक उत्सव लोकनाचबिना अधुरा जस्तै हुन्थे । गाउँमा बाजा बज्न थालेपछि बालबालिकादेखि वृद्धसम्म जम्मा हुन्थे । कलाकारहरू परम्परागत भेषभूषामा सजिएर नाच्थे, गीत गाउँथे र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको मिथिलाको कथा, संस्कार र सामाजिक जीवन प्रस्तुत गर्थे ।

तर पछिल्ला वर्षमा मिथिलाका यस्ता मौलिक लोकनाच क्रमशः ओझेलमा पर्दै गएका छन् । मिथिलाञ्चलमा मनोरञ्जनका माध्यम फेरिएसँगै गाउँ-गाउँबाट लोकनाच हराउन थालेका छन् । कलाकारहरूले आर्थिक उपार्जनको स्थायी आधार नदेखेपछि यो पेसाबाट विस्तारै पलायन हुन थाले । त्यससँगै गाउँमा रहेका नाचका समूह पनि बन्द हुँदै गए ।

अहिले खोज्दा एकाध लोकनाचका समूह मात्रै भेटिन्छन् । करिब १० वर्षअघिसम्म धेरैजसो गाउँमा एउटा-एउटा नाच कम्पनी हुने गरेको कलाकारहरू बताउँछन् । ती कम्पनीमा १० देखि २० जनासम्म कलाकार हुन्थे । उनीहरू मेला, उत्सव तथा विभिन्न सांस्कृतिक कार्यक्रममा पुगेर नाच प्रस्तुत गर्दै सर्वसाधारणलाई मनोरञ्जन दिने गर्थे ।

**फेरिए मनोरञ्जनका माध्यम**

मिथिलाको सामाजिक जीवनमा आएको परिवर्तनसँगै मनोरञ्जनका माध्यम पनि फेरिएका छन् । केही समयअघिसम्म सहरी क्षेत्रमा खुलेका सिनेमा हल मनोरञ्जनका प्रमुख साधन थिए । अहिले भने हातहातमा मोबाइल फोन, सामाजिक सञ्जाल, टेलिभिजन, डिजिटल संगीत र आधुनिक सांस्कृतिक कार्यक्रमले परम्परागत लोकनाचका लागि उपलब्ध स्थान साँघुरो बनाउँदै लगेका छन् ।

साहित्यकार श्यामसुन्दर शशिका अनुसार सामाजिक उल्लास र लोकसंस्कृति संरक्षणमा लोकनृत्यको महत्वपूर्ण स्थान थियो । लोकनाच मनोरञ्जनको साधनसमेत रहेको उनले बताए ।

आधुनिक मनोरञ्जनका विभिन्न साधन आएपछि लोककला र संस्कृतिमा ग्रहण लागेको उनले बताए । उनका अनुसार लोकनाचलाई सांस्कृतिक सम्पदाका रूपमा भन्दा मनोरञ्जनको साधनका रूपमा मात्र लिन थालिएकाले संरक्षणमा समस्या देखिएको हो ।

पहिले गाउँमा हुने विवाह, पूजा, जात्रा तथा पर्वमा स्थानीय कलाकारलाई बोलाएर लोकनाच प्रस्तुत गरिन्थ्यो । अहिले त्यस्ता कार्यक्रमहरूमा डिजे, आधुनिक गीत तथा स्टेज कार्यक्रमको प्रयोग बढेको छ ।

मिथिलामा अल्हारुदल, लवहरिकुशहरि, रानी शरंगा, सती बिहुला, जटजटिन, सीतवसन्त, डोमरुवा, बारहमासा, लगनी र झिझियाजस्ता लोकनाच प्रचलित थिए । यीमध्ये कतिपय लोकनाच अहिले निकै कम देखिन थालेका छन् ।

**नयाँ पुस्तामा हस्तान्तरणको चुनौती**

लोकनाचको संरक्षणमा देखिएको सबैभन्दा ठूलो चुनौती नयाँ पुस्तामा यसको ज्ञान हस्तान्तरण नहुनु रहेको कलाकार तथा संस्कृतिकर्मी बताउँछन् । कलाकारहरूले लोकनाचबाट जीविकोपार्जन गर्ने सम्भावना नदेखेपछि आफ्ना सन्तानलाई समेत यो पेसामा लाग्न प्रेरित नगरेको अवस्था छ ।

लोकनाचमा लागेका कतिपय कलाकारसमेत भारतको पञ्जाब र हरियाणामा मजदुरीका लागि पलायन भएका छन् । त्यसले गाउँ-गाउँमा रहेका नाच कम्पनी बन्द हुन पुगेका छन् ।

महोत्तरीको औरही गाउँपालिकास्थित तिलगढमा रहेको नाच कम्पनीका कलाकार राम लोचन यादवले विगतमा आफू लोकनाच ‘अल्हारुदल’मा रुदलको भूमिका खेल्दै आएको बताए । आफ्नै अगाडि धेरै नाच कम्पनी बन्द भएको उनले बताए ।

“धेरै कलाकार पलायन भए । मलाई पनि धेरैले छाड्न दबाब दिए । तर छाडेर के गरौँ ? जति दिन चल्दै छ, काम गर्दै छु । शरीर पनि थाक्छ, विस्तारै छाड्छु” उनी भन्छन्, “कलाकारलाई पैसाको कुरा त परै जाओस्, सम्मानसमेत छैन । यस्तो अवस्थामा कसले आफ्नो सन्तानलाई यस पेसामा ल्याउँछ ? अहिलेका युवालाई यसतर्फ लाग्नुभन्दा वैदेशिक रोजगारी सहज भएको छ ।”

नाच कम्पनीका सञ्चालक प्रमोद यादवले एउटा रातको कार्यक्रमबाट दुई लाख रुपैयाँसम्म आम्दानी हुने गरेको बताए । तर उक्त रकममा कलाकारसहित अन्य खर्चसमेत जोडिने भएकाले सबै रकम कम्पनीको आम्दानी नहुने उनले बताए । लोकनाचका लागि परम्परागत बाजागाजासमेत आवश्यक पर्ने र ती बाजा बजाउने मानिसको संख्या घट्दै जानु अर्को चुनौती बनेको उनको भनाइ छ ।

परम्परागत लोकनाच सिकाउने गुरु, कलाकार र वाद्यवादकको संख्या पनि घट्दै गएको छ । पुरानो पुस्ताका कलाकारसँग नाचका गीत, चाल, भेषभूषा र प्रस्तुतीकरणको ज्ञान भए पनि त्यसलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने काम पर्याप्त हुन सकेको छैन ।

एक पुस्ताले अर्को पुस्तालाई सिकाउन नसक्दा केही लोकनाचसँग सम्बन्धित मौलिक गीत र प्रस्तुतीकरण शैली हराउने जोखिम बढेको छ ।

**द्वन्द्वकालको असर**

लोकनाचको विकास र निरन्तरतामा माओवादी द्वन्द्वका समयसमेत असर परेको कलाकारहरू बताउँछन् । द्वन्द्वका क्रममा राति अबेरसम्म लोकनाच देखाउन रोक लगाइएपछि नाच कम्पनीको आम्दानी घटेको र कलाकारहरू पलायन हुन थालेको उनीहरूको भनाइ छ ।

कलाकारहरूले प्रयोग गर्ने परम्परागत पोसाकलाई समेत सुरक्षा जाँचका क्रममा दुःख दिने गरिएको उनीहरू बताउँछन् । यसले गर्दा कलाकारलाई यो पेसामा टिकिरहन कठिन भएको र उनीहरूले विस्तारै अन्य पेसा रोजेको बताइन्छ । नाट्यकर्मी उपेन्द्र भगत नागवंशीका अनुसार २०५० सालतिर मधेश-मिथिलामा लोकनाच निकै चलेको थियो । त्यसपछि भने यसको विस्तारै ह्रास आउन थालेको उनले बताए । कलाकारहरू पलायन हुनु र जीविकोपार्जनका लागि अन्य माध्यम रोज्नुले अहिलेको अवस्था आएको उनले बताए । कलाकारका लागि आर्थिक स्रोतको अभाव हुँदै गएपछि लोकनाचका कलाकार पलायन भएको र लोकनाचका कम्पनीहरू बन्द भएको उनको भनाइ छ ।

“पहिले हरेक गाउँमा लोकनाचका कम्पनी हुन्थे । उनीहरू मेलामा नाच देखाउने ठेक्का लिन्थे र कलाकारलाई रकम दिने गर्थे,” उनी भन्छन्, “मधेशमा पहिले करिब दुई सयभन्दा बढी कम्पनी थिए ।” कलाकारहरूलाई संगठित समूह बनाएर ठेक्का लिएर लोकनाच प्रस्तुत गर्ने समूहलाई ‘कम्पनी’ भन्ने गरिएको उनले बताए ।

अहिले कतैकतै लोकनाच प्रस्तुत गरिए पनि आगामी केही वर्षमा त्यो पनि हराउने अवस्था रहेको नागवंशीले बताए । साहित्यकार नित्यानन्द मण्डलका अनुसार नाच हराउनु एउटा प्रस्तुतीकरण हराउनु मात्र होइन, त्यससँग जोडिएका मौखिक इतिहास र सांस्कृतिक स्मृतिको एउटा हिस्सा हराउनु पनि हो ।

आउँदो पुस्ताले यस नाचका विषयमा कसरी जानकारी पाउने भन्ने प्रश्न महत्वपूर्ण रहेको उनले बताए । लोकनाच जीवित संस्कृति भएकाले यसको संरक्षणमा सम्बन्धित निकायको ध्यान जानुपर्ने उनको भनाइ छ । “लोकनाच बन्द हुनु भनेको एउटा जीवित संस्कृति हराउनु हो । यसतर्फ विभिन्न निकायको ध्यान जान जरुरी छ,” उनी भन्छन् ।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** तपाईंको घरमा गुरुको आगमन हुनेछ । परिवारको साथ र सहयोगमा दिन रमाइलो बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**बृष :** राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ । समाजले महत्त्वपूर्ण जिम्मेवारी दिनेछ।

**मिथुन :** आज धातुमा गरेको लगानीबाट फाइदा हुनेछ। राज्यका अंगमा सेवा गर्नुहुन्छ भने बढुवा हुने योग छ।

**कर्कट :** पश्चिमको लामो यात्रामा नजानु राम्रो हुन्छ। शत्रु बढ्ने छन्। अप्ठेरो परिस्थितिमा परिवारबाट सही सुझाव प्राप्त हुनेछ।

**सिंह :** अघिल्लो दिन नै बनेका कार्ययोजना अनुसार काम हुनेछ। तपाईंको कार्यकुशलताको प्रशंसा हुनेछ।

**कन्या :** आफ्नै राशिमा मित्र ग्रहहरु घुम्दै छन्। जुनसुकै क्षेत्रमा लगानी गरे पनि राम्रो आम्दानी हुनेछ।

**तुला :** शत्रु बढ्ने छन्। आफूले आफ्नो उचाई नबुझ्दा राज्यका तर्फबाट भय हुने योग छ।

**वृश्चिक :** आम्दानी बढ्नेछ। दैनिकी सहज चल्ने छ। साना कुराले मनमा बेचैनी बढ्ने छ।

**धनु :** शेयर कारोबारमा फाइदा हुने योग छ। आम्दानी बढ्ने छ। प्रेम सम्बन्ध सुमधुर हुनेछ।

**मकर :** बौद्धिक व्यक्तिसँगको अन्तरक्रियाबाट नयाँ अवसरको पत्तो लाग्नेछ।

**कुम्भ :** पुराना मित्रहरुसँगको भेटघाटले मन खुसी हुनेछ। पिपलमा पानी हाल्नाले दिन सहज हुनेछ।

**मीन :** आज ग्रहण योग परेकाले आज तपाईंले पाउने सेवा सुविधा अरुलाई पर्न सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# २४ वर्षीय यादवले कांग्रेस केन्द्रीय सदस्यमा उम्मेदवारी दिने



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १८ गते**

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा २४ वर्षीय युवा विनय कुमार यादव (अधिकारी) ले केन्द्रीय सदस्य (युवा) पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्।

पार्टीको केन्द्रीय सदस्यमा युवा समूहबाट उनले उम्मेदवारी दिने घोषणा गरेका हुन्।

सिरहा क्षेत्र नम्बर-४ बाट ३५ वर्षमुनिको युवा क्लस्टरतर्फबाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित यादव महासमिति सदस्यसमेत बनेका छन्।

नरहा गाउँपालिका-३ का स्थायी बासिन्दा यादव कांग्रेसको राजनीतिमा युवा पुस्ताको प्रतिनिधित्व गर्दै अघि बढिरहेका छन्।

यादवले २०७४ सालमा नेपाल विद्यार्थी संघको सचिव पदमा निर्वाचित हुँदै राजनीतिक यात्रा सुरु गरेका थिए। उनी हाल पनि नेपाल विद्यार्थी संघमा आबद्ध रहेर संगठनात्मक तथा सामाजिक गतिविधिमा सक्रिय छन्।

कांग्रेसको विधानअनुसार प्रत्येक संघीय निर्वाचन क्षेत्रबाट ३५ वर्षमुनिका युवामध्ये दुई जना खुला र एक जना महिलासहित तीन जना महाधिवेशन प्रतिनिधि चयन हुने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार यादव सिरहा क्षेत्र नम्बर-४ बाट महाधिवेशन प्रतिनिधिमा निर्वाचित र महसमिति सदस्य भएका हुन्।

राजनीतिसँगै सामाजिक क्षेत्रमा समेत सक्रिय यादव गोलबजारमा काठ तथा फर्निचर व्यवसाय सञ्चालन गर्दै आएका छन्।

# चाडपर्व नजिकिएसँगै वीरगन्ज नाकाबाट तेस्रो मुलुकको मदिरा आयात बढ्यो

**अपन दैनिक संवाददाता**
**पर्सा, असोज १८ गते**

दसैं, तिहार र छठजस्ता ठूला चाडपर्व नजिकिएसँगै वीरगन्ज नाकाबाट तेस्रो मुलुकको तयारी मदिराको आयात बढेको छ।

वीरगन्ज भन्सार कार्यालय अन्तर्गतको सिर्सिया सुख्खा बन्दरगाह नाकाबाट मुलुकमै सबैभन्दा बढी तयारी मदिरा आयात हुने गरेको छ। चाडपर्वको समयमा मदिराको खपत बढ्ने भएकाले पछिल्ला दिनमा यसको आयातसमेत बढेको हो।



वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार असोज ४ यता मात्रै यो नाका हुँदै १० करोड ४८ लाख रुपैयाँ बराबरको तयारी मदिरा तेस्रो मुलुकबाट आयात भइसकेको छ। उक्त मदिराको आयातबाट २२ करोड रुपैयाँ राजस्व संकलन भएको उनले बताए। नाकाबाट मदिरा भित्रिने क्रम अझै जारी रहेको छ।

सिर्सिया सुख्खा बन्दरगाह हुँदै बियर, वाइन, ह्विस्की र भोड्कालगायतका मदिरा बढी आयात हुने गरेका छन्। तेस्रो मुलुकबाट आयात हुने मदिरा कोलकाता बन्दरगाहसम्म पानीजहाजमा ल्याइन्छ। त्यसपछि रेलमार्फत वीरगन्जको सिर्सिया सुख्खा बन्दरगाहसम्म ल्याउने गरिएको छ। सडकमार्गको तुलनामा रेलमार्गबाट आयात गर्दा ढुवानी खर्च कम हुनुका साथै सामानमा क्षति हुने सम्भावना पनि कम हुने भएकाले आयातकर्ताले वीरगन्ज नाका रोज्ने गरेका छन्।

मदिराको आयातबाट सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त हुने गरेको छ। भन्सार कार्यालयका अनुसार एक कन्टेनर ह्विस्की आयात हुँदा करिब १ करोड ५० लाखदेखि २ करोड ५० लाख रुपैयाँसम्म राजस्व संकलन हुने गर्छ। त्यस्तै, एक कन्टेनर वाइन आयात गर्दा करिब ७० देखि ८० लाख रुपैयाँसम्म राजस्व प्राप्त हुने गरेको छ।

नेपालमा तेस्रो मुलुकबाट विभिन्न ब्रान्डका ह्विस्की आयात हुने गरेका छन्। स्कटल्यान्डबाट जोनी वाकर, भ्याट ६९ र टिचर्स तथा अमेरिकाबाट जिम बिम र बेलायतबाट चिभास रिगललगायतका ब्रान्डका ह्विस्की आयात हुने गरेका छन्। मदिरामा त्यसमा रहेको अल्कोहलको प्रतिशतका आधारमा अन्तःशुल्क तथा भन्सार शुल्क निर्धारण हुने गरेको छ। त्यसबाहेक मूल्य अभिवृद्धि करसमेत लाग्ने भएकाले मदिराको आयातबाट सरकारलाई राजस्व प्राप्त हुने गरेको हो।

चाडपर्वका बेला मदिराको माग बढ्ने भएकाले आयातकर्ताले त्यसअनुसारको मौज्दात व्यवस्थापन

बाँकी पृष्ठ ४ ▸▸

## कोशी-मधेश प्रदेशबीच आर्थिक सहकार्य बढाउन ..............

तथा विमानस्थल प्रवेशद्वार निर्माणमा संघले गरेको पहल तथा महोत्तरीको बाढी र वीरगञ्जको विपद्का बेला गरेको राहत सहयोग उनले स्मरण गरे।

संघका निवर्तमान अध्यक्ष अनुपम राठीले कोशी र मधेश प्रदेश कृषि, उद्योग र पर्यटनका दृष्टिले सम्भावनायुक्त रहेको बताए। उत्पादन बढाउने गरी सरकारले व्यवहारिक नीति ल्याउनुपर्नेमा उनले जोड दिए।

बैंकमा पर्याप्त पूँजी रहे पनि लगानी विस्तार हुन नसकेको उल्लेख गर्दै राठीले उत्पादनमुखी नीति ल्याउन, सीमावर्ती क्षेत्रमा हुने चोरी-पैठारी नियन्त्रण गर्न र भन्सार दर समायोजनमार्फत स्वदेशी उद्योग संरक्षण गर्न आग्रह गरे।

संघका वरिष्ठ उपाध्यक्ष अनिल सारडाले कोशी र मधेश जोड्ने सडक पूर्वाधार कमजोर हुँदा ढुवानी खर्च र समय दुवै बढेको बताए। विराटनगरबाट जनकपुर दुई घण्टा र वीरगञ्ज तीन घण्टामा पुग्न सक्ने गरी सडक स्तरोन्नति गर्नुपर्ने उनको माग थियो। उनले विराटनगर रेलवेलाई जनकपुरसम्म विस्तार गर्न, अव्यावहारिक मूल्य अभिवृद्धि कर (भ्याट) को पुनरावलोकन गर्न तथा दुवै प्रदेशमा करका दरमा एकरूपता कायम गर्न सुझाव दिए।

संघका महासचिव अमितकुमार शारडाले उद्योगी-व्यवसायीले उधारो रकम उठाउन नसक्ने समस्या विकराल बन्दै गएको भन्दै त्यसको समाधानका लागि सरकारको ध्यानाकर्षण गराए।

कार्यक्रममा कार्यकारिणी सदस्य बन्दना जैनले महिला हितसम्बन्धी कानुन सुदृढ गर्नुपर्ने बताइन्। उद्योगी प्रवीन नारायण चौधरीले नेपाली उत्पादनलाई भारतका नजिकका बजारमा सहज पहुँच दिनुपर्ने बताए।

## जनमतको अध्यक्षमा डा. सीके राउतको निरन्तरता ............

थियो। परमेश्वर मुर्मु, हरपाल सिंह सोडी, मनोहरा देवी बैठा र रोशन खातुन भने पराजित भएका छन्।

त्यस्तै, सात जना सचिव पनि निर्वाचित भएका छन्। सुरेन्द्र शर्मा, पारसप्रसाद साह, सन्तोष राज सहनी, अञ्जनी देवी, राधाकुमारी यादव, हरेन्द्र चौधरी र बालगोविन्द चौधरी सचिवमा निर्वाचित भएका हुन्। सचिव पदमा नौ जनाबीच प्रतिस्पर्धा भएको थियो। वीरेन्द्र महतो 'जीवन त्यागी' र रामबाबु साह निर्वाचित हुन सकेनन्।

दोस्रो महाधिवेशनबाट राउतले अध्यक्षमा निरन्तरता पाए पनि पार्टीको महत्त्वपूर्ण कार्यकारी पद महासचिवमा भने नयाँ नेतृत्व आएको छ। यसले जनमत पार्टीको शीर्ष नेतृत्वमा अध्यक्ष राउतकै निरन्तरता कायम राख्दै संगठन सञ्चालनका अन्य तहमा नयाँ संयोजन भएको देखाएको छ।

वीरगञ्जमा सम्पन्न महाधिवेशनले अध्यक्षसहित नयाँ केन्द्रीय कार्यकारिणी संरचना चयन गरेको हो। ९९ पदका लागि भएको निर्वाचनमा अधिकांश पदमा प्रतिस्पर्धा भएको थियो।









## हराउँदै मिथिलाका ..............

**कलाकारको चुनौती**

लोककलाकारको आर्थिक अवस्था पनि लोकनाच संरक्षणको अर्को चुनौती बनेको छ। धेरै कलाकारले लोकनाचलाई व्यावसायिक पेसाका रूपमा निरन्तरता दिन सक्ने अवस्था छैन। कार्यक्रम पाए मात्र प्रस्तुति दिने र अन्य समयमा अन्य पेसामा निर्भर हुनुपर्ने अवस्था छ। स्थानीय तह तथा सरकारी निकायले सांस्कृतिक कार्यक्रम आयोजना गरे पनि नियमित प्रशिक्षण, कलाकारको अभिलेख, अनुसन्धान र पारिश्रमिकको स्थायी व्यवस्था हुन नसकेको कलाकारहरूको गुनासो छ।

लोकनाचसँग जोडिएको पुरानो पुस्ता विस्तारै विस्थापित हुँदै जाँदा नयाँ पुस्तामा यसको हस्तान्तरण पनि कमजोर हुँदै गएको छ। त्यसैले मिथिलाको मौलिक लोकनाचलाई केवल मनोरञ्जनको माध्यमका रूपमा नभई पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदाका रूपमा संरक्षण गर्नुपर्ने आवश्यकता देखिएको छ।




# हेटौंडा-ढल्केबर चार सय केभी प्रसारणलाइन दशैंलगत्तै चार्ज हुने



अपन दैनिक संवाददाता
सिरहा, असोज १८ गते

१२ वर्षदेखि निर्माणमा अल्झिएको हेटौंडा-ढल्केबर ४०० केभी प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको छ। नेपाल विद्युत् प्राधिकरणले बाँकी दुई वटा मल्टिसर्किट टावर निर्माण सम्पन्न गरी दशैं लगत्तै प्रसारण लाइन चार्ज गर्ने तयारी गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री विराज भक्त श्रेष्ठले हेटौंडा-ढल्केबर ४०० केभी सबस्टेशनको निरीक्षण गर्दै निर्माणाधीन प्रसारणलाइनका दुई मल्टिसर्किट टावरको प्रगति विवरण लिएका छन्। निरीक्षणका क्रममा उनले देशको ऊर्जा प्रणालीको मेरुदण्डका रूपमा रहेको प्रसारणलाइनको बाँकी काम समयमै सम्पन्न गर्न निर्देशन दिए।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठका अनुसार प्रसारण लाइनअन्तर्गत निर्माण गर्नुपर्ने १६ वटा टावरमध्ये १४ वटा डबल सर्किट टावर निर्माण भइसकेका छन्। बाँकी दुईवटा मल्टिसर्किट टावर निर्माणको काम पनि अन्तिम चरणमा पुगेको उनले बताए।

'१४ वटा टावर तयार भइसकेका छन्। बाँकी दुईवटा टावरको कार्यप्रगति पनि राम्रो छ। १०-१५ दिनमै तयार गरेर चार्ज गर्छौं' उनले भने।

उनका अनुसार प्रसारणलाइनलाई राष्ट्रिय विद्युत् प्रणालीको 'ब्याक बोन'का रूपमा लिइएको छ। यो लाइन सञ्चालनमा आएपछि विद्युत् आपूर्तिको विश्वसनीयता बढ्नुका साथै आन्तरिक खपत विस्तार र विद्युत् निर्यातसमेत बढाउन सहयोग पुग्ने प्राधिकरणको अपेक्षा छ।

मन्त्री श्रेष्ठले हेटौंडा-ढल्केबर प्रसारणलाइन सम्पन्न भएपछि नेपालको विद्युत् प्रणाली थप सन्तुलित र गुणस्तरीय हुने बताए। उनका अनुसार प्रसारणलाइनले पूर्व-पश्चिम विद्युत् प्रवाहलाई थप सुदृढ, भरपर्दो र दिगो बनाउनेछ।

प्रसारणलाइन सञ्चालनमा आएपछि देशभित्रको विद्युत् आपूर्ति प्रणाली बलियो हुनुका साथै बढ्दो औद्योगिक विद्युत् माग व्यवस्थापनमा समेत सहयोग पुग्ने मन्त्रालयको भनाइ छ। यसले वर्षायाममा उत्पादन हुने अतिरिक्त विद्युत् खेर जान नदिन तथा भारतलगायत छिमेकी मुलुकसँगको अन्तर्देशीय विद्युत् व्यापार विस्तार गर्नसमेत पूर्वाधार तयार गर्ने अपेक्षा गरिएको छ।

हेटौंडा-ढल्केबर ४०० केभी प्रसारणलाइनको निर्माण लामो समयदेखि विभिन्न कारणले अघि बढ्न सकेको थिएन। मन्त्री श्रेष्ठको पहलमा मन्त्रिपरिषद्‌बाट निर्णय गराएर प्रक्रिया अघि बढाएपछि आयोजना निर्माणले गति लिएको प्राधिकरणले जनाएको छ।

प्रसारणलाइन सम्पन्न भएपछि राष्ट्रिय ग्रिडको विद्युत् वहन क्षमता तथा प्रणालीको विश्वसनीयता बढ्नेछ। साथै, पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुँदा औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति विस्तार, आन्तरिक विद्युत् खपत वृद्धि र विद्युत् व्यापारका लागि समेत थप आधार तयार हुने अपेक्षा गरिएको छ।

# प्रधानमन्त्री बालेनले भने- धन्न खुलामञ्च राम्रो बनाइएछ, नयाँ पार्टीले गाली गर्न पाए



अपन दैनिक संवाददाता
काठमाडौं, असोज १८ गते

नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन सत्रमा सभापति गगन थापाले आफूमाथि प्रश्न उठाएपछि प्रधानमन्त्री बालेन शाहले सामाजिक सञ्जालमार्फत जवाफी व्यङ्ग्य प्रहार गरेका छन्।

कांग्रेसलाई 'नयाँ पार्टी' भन्दै प्रधानमन्त्री शाहले आफूले सुधार गरेको खुलामञ्चमै उभिएर आफूलाई गाली गर्ने अवसर मिलेको भन्दै कटाक्ष गरेका हुन्।

आइतबार खुलामञ्चमा आयोजित महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै कांग्रेस सभापति थापाले प्रधानमन्त्री संसद्‌मा उपस्थित नहुने गरेको बताएका थिए।

उनले भन्दै 'संसद् खुला छैन, संसभित्र पनि खुलामञ्च चाहिएको छ' भनी प्रधानमन्त्रीको आलोचना गरेका थिए।

जवाफमा प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमा लेखेका छन्, 'धन्न खुला मञ्च राम्रो बनाइएछ, नयाँ पार्टीले कार्यक्रम गरेर गाली गर्न पाएका छन्!'

कांग्रेस सभापति थापाको अभिव्यक्तिलाई लक्षित गर्दै प्रधानमन्त्री शाहले काठमाडौं महानगरको नेतृत्वमा रहँदा व्यवस्थित गरिएको खुलामञ्चको प्रसङ्ग जोडेर राजनीतिक जवाफ फर्काएका हुन्।

# मधेशमा करेन्ट लागेर दुई महिनामा ३९ जनाको मृत्यु

अपन दैनिक संवाददाता
सिरहा, असोज १८ गते



मधेश प्रदेशमा विद्युतीय करेन्टका कारण हुने मानवीय क्षति बढ्दै गएको छ। चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ३९ जनाले करेन्ट लागेर ज्यान गुमाएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशभरि गत साउन र भदौ महिनामा करेन्ट सम्बन्धी १०७ वटा घटनामा ३९ जनाको मृत्यु भएको हो। विद्युतका काम गर्दा विद्युतीय तार, उपकरण तथा विद्युत् प्रवाहसँग सम्बन्धित काममा सावधानी नअपनाउँदा मानवीय क्षति बढेको प्रहरीको भनाइ छ। करेन्टसँग सम्बन्धित अधिकांश घटना सिंचाइ गर्ने मोटर, घरायसी मोटर तथा अन्य घरायसी कामका क्रममा भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार विद्युत् तथा आगलागीसँग सम्बन्धित घटनामा पूर्वसावधानी र सजगता नअपनाउँदा मानवीयसँगै भौतिक क्षति बढेको हो।

मधेश प्रदेशमा साउन र भदौ महिनामा भएका विभिन्न ४५९ विपदका घटनामा ९२ जनाको मृत्यु भएको छ। विपदका कारण ४७ पुरुष, १९ महिला तथा २६ जना बालबालिकाले अकालमै ज्यान गुमाएका छन्। यो अवधिमा सबैभन्दा बढी मृत्यु विद्युतीय तारबाट प्रवाह हुने करेन्ट लागेर भएको हो। करेन्ट लागेर ३९ जनाले ज्यान गुमाएका छन् भने पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ। जंगली जनावरको आक्रमणबाट ५, चट्याङ लागेर ३ तथा आगलागीमा परेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। त्यस्तै प्रदेशभरि अन्य विपदका घटनामा १३ जनाले ज्यान गुमाएका छन्।

प्रहरीको उजुरी तथ्याङ्कमा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा आगलागीका घटना ११२ वटा भएको उल्लेख छ। त्यस्तै पानीमा डुब्ने ३७, जंगली जनावरको आक्रमणका २३, बाढीका १२ तथा चट्याङका १० घटना भएका छन्। विपदका कारण दुई महिनामा मानवीय क्षतिसँगै भौतिक सम्पत्तिमा पनि ठुलो क्षति भएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार यो अवधिमा भएका ४५९ विपदका घटनामा २ करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट भएका छन्। भौतिक सम्पत्तितर्फ सबैभन्दा बढी क्षति आगलागीबाट भएको छ। आगलागीकै कारण २१२ वटा घर जलेका छन्। आगलागीका घटनाबाट मात्रै २ करोड ७० लाख १३ हजार ३५० रुपैया बराबरको क्षति भएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले बताए।

त्यस्तै, बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपैयाँ, चट्याङबाट ३ लाख, जंगली जनावरको आक्रमणबाट २ लाख ७२ हजार र अन्य विभिन्न विपदका घटनाबाट थप ४ लाख ६३ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ।

वर्षायाममा सम्भावित विपद्‌को पूर्वसूचना मौसम विभागले सम्भावित क्षेत्रका लागि जारी गर्ने भएकाले बाढीपहिरोको जोखिममा रहेका क्षेत्रमा प्रहरीले सचेतता बढाउँदा ठुलो क्षति हुनबाट जोखिएको प्रहरीको भनाइ छ।

### चाडपर्व ............

गर्न थालेका छन्। वीरगन्ज नाका हुँदै तेस्रो मुलुकबाट हुने मदिराको आयातले भन्सार राजस्वमा समेत उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

### एमाले-नेकपाले खोजे कांग्रेसको साथ, रवि-गगनबीचको ..............

नेकपाका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका सभापति थापालाई शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन नेतृत्व लिन आग्रह गरे।

"हामीले शान्तिका धेरै महत्त्वपूर्ण पक्षलाई सफलताका साथ टुंग्याएका छौं। तर, अझै केही चिज टुंग्याउन बाँकी छ। त्यो चिज टुंगयाइएन भने फेरि देश अफ्ठ्यारो स्थितिमा जान सक्छ," उनले भने।

प्रचण्डले शान्ति सम्झौताका काम पूरा गर्न गगनलाई आग्रह गरे।

"गिरिजाप्रसाद कोइराला अहिले हुनुहुन्न। एउटा जीवित हस्ताक्षरकर्ताको नाताले अब त्यो बाँकी काम कांग्रेसको तर्फबाट पूरा गर्ने जिम्मेवारी म गगन थापाजीलाई विशेष रूपमा भन्न चाहन्छु - तपाईंले त्यसलाई पूरा गर्न अघि बढ्नुहुनेछ।"

शान्ति सम्झौतालाई सफल स्टोरीका रूपमा बदलेर विश्वमा फेरि एकचोटी शान्ति र लोकतन्त्रको नयाँ इतिहास रच्ने देशका रुपमा चिनाउन आग्रह गरे।

उनले आफूले पहिले क्रमभंग गरेको सुनाउँदै अब गाह्रो रहेको बताए।

"पहिले पहिले मैले क्रमभंग गर्थें। शान्ति प्रक्रियालाई युद्धमा लान्थे। युद्धलाई शान्तिमा ल्याउँथे। शान्तिलाई संविधानमा लैजान्थें। संविधानलाई गणतन्त्रमा," उनले भने, "अब शायद मलाई क्रमभंग गर्न अलि गाह्रो गाह्रो भएको हो कि। अब पालो गगनजीहरूको।"

**रवि-गगनबीच 'व्यङ्ग्य'**

महाधिवेशनमा रास्वपाका सभापति रवि लामिछाने र कांग्रेस सभापति थापाबीच 'व्यङ्ग्य' पनि भयो। रास्वपाका सभापति लामिछानेले २०८२ फागुन २१ को निर्वाचनमा कांग्रेसको महाधिवेशनमा आएकाहरुले पनि रास्वपामा भोट हालेको सुनाए।

उनले भोट माग्दा कांग्रेसका कार्यकर्ताहरुसँग आफूले गरेको आग्रह सम्झिए।

"तपाईंहरू नेपाली कांग्रेसलाई माया गर्नुहुन्छ। तपाईंहरू बिपीलाई माया गर्नुहुन्छ। तपाईंहरू विश्वासप्रसाद कोइरालाको अनुयायी हो भने एकपटक आफ्नो दललाई प्रतिपक्षमा राख्नुस्," उनले सम्झिए, "दल छोड्नु पर्दैन। हामीले काम गर्न सकेनौं भने अर्को चुनावमा हामीलाई डाँडा कटाइदिनुस्। मैले चुनावमा भनेको यही हो।"

रविले थपे, "तपाईंहरूमध्ये यहाँ उपस्थितमध्ये कति मान्छेले पनि हामीलाई भोट त्यही कारण हाल्नुभएको हो। म यसमा अडिग छु।"

रास्वपालाई भोट हालेको भन्ने रविको अभिव्यक्तिमा गगनले संसद्‌बाहिर पार्टीमा आफूहरुले प्रशिक्षित गरेको व्यक्तिलाई रास्वपामा पठाएको जवाफ दिए।

"रविजीले एउटा प्रसंग उठाउनु भएको छ- थुप्रै यहाँ भएका साथीहरूले मत हाल्नुभयो कि भन्नुभएको छ," उनले भने, "हामीले मतदाता मात्रै होइन, संसद्‌भित्र हेर्नुभयो भने ४०-५० जना साथीहरू यहाँ प्रशिक्षित गरेर पठाएका छौं।"

उनले त्यसबारे धेरै चिन्ता नरहेको बताए। हिजो कांग्रेसका मञ्चमा ताली बजाएकाहरुलाई राम्रै कुरा सिकाएर पठाएको कटाक्ष गरे।

"त्यसका बारेमा पनि केही छैन, यता राम्रा राम्रा कुरा सिकाएर पठाएका छौं" सभापति थापाले भने।

**'गगनलाई रविको दोस्रो गुन'**

रास्वपाका सभापति लामिछानेले कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासमूहलाई छोडिदिएकै राम्रो भन्ने टिप्पणी गरे। उनले पार्टीमा सँधै कचकच गर्नेलाई छोडिएको राम्रो हुने धारणा राख्दै आफूले गगनलाई दोस्रो गुन लगाएको टिप्पणी गरे।

"कहिलेकाहीं पार्टीभित्र बसेर सँधै कचकच गर्ने, गनगन गर्ने, हैरान गर्ने फकाउँदा, फकाउँदा सम्पूर्ण शक्ति नष्ट गरिदिने फकाउनुभन्दा छोडिदिएको नै राम्रो हुन्छ कहिलेकाहीं," उनले सम्बोधनको अन्तिममा भने, "यति भनिदिएर मैले गगनजीलाई दोस्रो गुण लगाएको छु। मान्ने नमान्ने जिम्मा तपाईंको।"

गगनले भने पूर्वसभापति देउवाका लागि महाधिवेशनमा कुर्सी खाली राखेको सुनाए। थापाले बोलाउँदा देउवा नआएको र कति लिन जाने हो? भनि प्रश्न पनि गरेका थिए।

"आज शेरबहादुर दाइ पार्टीको अधिवेशन उद्घाटन गर्न आउनहुन्छ भन्ने हाम्रो अपेक्षा थियो," उनले भने, "दिनमा कतिपटक शेरबहादुर दाइको ढोका गएर सलामी दियो भन्ने कुराले मान रहने होइन।"

उनले देउवाको मान आफूहरुले राख्ने दाबी गरे।

**एमाले-नेकपालाई रविको जवाफ**

उता, रविले एमाले-नेकपाका नेताले भन्दै आएको आन्दोलनबारे जवाफ दिए। एमाले र नेकपाले लोकतन्त्र रक्षाका निमित्त आन्दोलन गर्ने चेतावनी दिँदै आएका छन्। एमालेले केन्द्रीय कमिटीबाटै निर्णय गरेको छ भने प्रचण्डले एमालेसँग सहकार्य हुने धारणा राख्दै आएका छन्।

रविले सरकार ढल्ने हल्ला नचलाउनेहरु नै ढल्ने टिप्पणी गरे। "यो सरकार पाँच वर्षसम्म ढल्दैन। सरकार ढल्छ भनेर हल्ला चलाउनेहरु वरु बेहोस भएर ढल्लान् तर सरकार ढल्दैन," उनले भने।

रविले सरकार ढाल्ने तागत जनतासँग मात्रै रहेको धारणा राखे।

"मैले सुनेको छु चाडपर्वपछि आन्दोलन हुँदैछ। सरकार ढाल्ने आन्दोलन भनिएको छ। आन्दोलनबाट सरकार ढल्दैन," रविले भने, "सरकार ढाल्ने तागत जनतासँग मात्रै छ।"

